NIBL ACE CAPITAL

Managing share, Managing investments.

# एनआईबिएल एस क्यापिटल लिमिटेडको

## सातौं बार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७६/५/२१ गते)

आदरणीय शेयरधनी महानुभावहरू,

यस कम्पनीको मिति २०७६/५/१९ गतेका दिन बसेको संचालक समितिको ७४ औं बैठकले निर्णय गरे अनुसार यस कम्पनीको सातौं बार्षिक साधारण सभा निम्न लिखित मिति, समय तथा स्थानमा देहायका विषयहरू उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुदाँ सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान :**

मिति : २०७६/६/१३ गते (तदनुसार सेप्टेम्बर ३०, २०१९) सोमबार ।
समय : बिहान ११:३० बजे ।
स्थान : एनआईबिएल एस क्यापिटल लि. को सभाहल, लाजिम्पाट, काठमाण्डौं ।

**छलफलका बिषय**

**क) सामान्य प्रस्तावहरू :**

१) आर्थिक वर्ष २०७५/०७६ को सञ्चालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२) लेखापरीक्षकको प्रतिवेदन सहितको आषाढ ३१, २०७६ मा समाप्त भएको वर्षको वासलात, तथा सोही मितिमा समाप्त भएको आ.व. २०७५/०७६ को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण उपर छलफल गरी पारित गर्ने ।

३) सञ्चालक समितिबाट प्रस्ताव गरे बमोजिम २० प्रतिशत नगद लाभांश (रू. २७,००,००,०००/- चुक्ता पूँजीको २० प्रतिशतले हुन आउने रकम रू.५,४०,००,०००/-) कर सहित वितरण गर्ने प्रस्ताव पारित गर्ने।

४) कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०७६/०७७ को लेखापरीक्षण गर्न संचालक समितिको सिफारिस मुताबिक लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने।

**ख) विशेष प्रस्तावहरू :**

१) आर्थिक वर्ष २०७५/०७६ मा कम्पनीको संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत खर्च गरिएको अनुदान/दान रकम रू. २,९९,०००/- पारित गर्ने ।

**ग) विविध ।**

संचालक समितिको आज्ञाले
**कम्पनी सचिव**

NIBL ACE CAPITAL
Managing shares. Managing investments.
wholly owned subsidiary of नेपाल इन्भेष्टमेण्ट बैंक लि. NEPAL INVESTMENT BANK LTD.

**एनआईबिएल एस क्यापिटल लिमिटेड**
पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल
फोन: ४००५०८०, फ्याक्स: ४००५०८४
Email: info@niblcapital.com, Website: www.niblcapital.com

मिति २०७६/५/२२ गतेको कारोबार दैनिकमा प्रकाशित गर्ने